बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

मानभवन, ललितपुर, नेपाल

पत्र संख्याः ०८०/८१
च.नं.

मिति : २०८०/०५/२४

**जो जस सँग सम्बन्ध राख्दछ ।**

प्रस्तुत विषयमा यस कार्यालयको कार्यक्षेत्र भित्र रहेका काठमाडौ, ललितपुर र भक्तपुर तीन जिल्लाहरुमा अधिकांश कृषकहरु बाहिरी जिल्लाहरुबाट यस क्षेत्रमा आइ जग्गा भाडामा लिइ ब्यासायिक खेति गर्दै आउनुभएको छ । यस सम्बन्धमा कतिपय अनाधिकृत ब्यक्तिहरु म कार्यालयको कर्मचारी हुँ, अनुदान पार्दिन्छु, सूचना प्रकाशित भएको छ, मेरो विभिन्न उच्च पदस्थ ब्यक्तिहरुसँग नजिकको सम्पर्क छ, जस्ता भ्रमपूर्ण प्रलोभनहरु देखाइ रकम समेत ठगी गर्ने गरेको गुनासोहरु सुनिन आएकोले यस्ता भ्रामक कुराहरुको पछी नलागि कार्यालयको सहि सूचना तथा जानकारीको लागि कार्यालयको आधिकारिक ब्यक्ति, कार्यालयको **वेभसाइट lalitpur.akc.gov.np,** कार्यालयको **facebook page- कृषि ज्ञान केन्द्र ललितपुर** वा सम्पर्क नम्बर **०१-५४३४५७३, ०१-५४५६०३७** मा सम्पर्क गरि सहि जानकारी लिन सकिनेछ । साथै कुनै स्थानमा कोही कसैबाट यस्ता किसिमको गतिविधिहरु भएको पाइएमा सम्बन्धित निकायमा जानकारी गराइ सहयोग गरिदिनुहुन समेत अनुरोध गरिन्छ ।

नारायण कुमार श्रेष्ठ
प्रमुख